राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २०७ २०८२ फागुन १७ गते आईतवार (29 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## मतदानसम्म रात्रिकालीन व्यवसाय बन्द



दैनिक समाचारदाता

काठमाडौं, १६ फागुन । यही फागुन १८ गतेदेखि मतदान हुने दिन (२१ गते)सम्म काठमाडौंमा रात्रिकालीन व्यवसाय बन्द गरिने भएको छ।जिल्ला प्रशासन कार्यालय काठमाडौंले निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै राति ९ बजेपछि कुनै पनि व्यवसाय सञ्चालन गर्न नपाइने निर्णय गरेको हो। कार्यालयद्वारा जारी सूचनामा अर्को निर्णय नभएसम्म राति ९ बजेसम्म मात्र व्यवसाय सञ्चालन गर्न पाइने र त्यसपछि सम्पूर्ण व्यवसाय बन्द गर्न/गराउन सम्बन्धित सरोकारवालालाई जानकारी गराइएको उल्लेख छ।

निर्वाचनको समयमा शान्ति, सुरक्षा र अनुशासन कायम राख्ने उद्देश्यले उक्त निर्णय गरिएको प्रशासनले जनाएको छ।

## चीनको सीमा क्षेत्रमा प्रहरीको गस्ती



दैनिक समाचारदाता

हुम्ला १६ फागुन । प्रतिनिधि सभा निर्वाचन नजिकिँदै गर्दा नेपाल प्रहरीले सीमा क्षेत्रमा गस्ति सुरू गरेको छ ।

चिनको सीमासँग जोडिएको नाम्खा गाउँपालिका-६ को लिमी लाप्चामा पैदल गस्ती गरेको हो ।

जिल्ला प्रहरी कार्यालय हुम्लाबाट प्रहरी सहायक निरीक्षक मञ्जुल खडकाको कमाण्डमा ७ जनाको टोली नाम्खा गाउँपालिका- ५ र ६ वस्तुस्थिति बुझ्न पैदल गस्ती सुरू गरेको जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ ।

निर्वाचन नजिक आउँदा हिल्सा नाका हुँदै नेपाल प्रहरी लिमि लाप्चा गस्तिमा पुगेको जिल्ला प्रहरी कार्यालय हुम्लाका डिएसपी शंकर खड्काले जानकारी दिए । दुर्गम क्षेत्रको वस्तुस्थिति बुझ्न टोली पैदल गस्तीमा खटिएको डिएसपी खडकाले बताए ।

# देशको भविष्य मधेशले तय गर्छ : उपेन्द्र यादव



दैनिक समाचारदाता

सप्तरी, १६ फागुन । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले निर्णायक शक्तिका रूपमा उदाएको मधेशले अब देशको भविष्य तय गर्ने दाबी गर्नुभएको छ।

सप्तरी निर्वाचन क्षेत्र नम्बर-३ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवारसमेत रहेका अध्यक्ष यादवले शनिबार घरदैलो कार्यक्रमका क्रममा मतदातालाई सम्बोधन गर्दै राज्यले विगतजस्तै मधेशलाई उपेक्षा गरेर समृद्ध राष्ट्र निर्माण असम्भव हुने बताउनुभयो।

"मधेश केवल भौगोलिक क्षेत्र होइन, यो स्वाभिमान र अधिकारको ज्वलन्त आवाज हो," उहाँले भन्नुभयो, "अबको निर्णायक शक्ति मधेश हो र देशको भविष्य पनि मधेशले नै तय गर्नेछ।" मधेश आन्दोलनका बलिदान र त्यागको स्मरण गर्दै उहाँले मधेश बलियो भए मात्र सङ्घीयता सुदृढ हुने र देश सुरक्षित तथा समृद्ध बन्ने धारणा राख्नुभयो।

जसपा नेपालले मधेशका एजेन्डा, विभेद, उत्पीडन र पहिचानका मुद्दालाई गाउँदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चसम्म उठाएको दाबी गर्दै उहाँले मधेशमाथि भएको ऐतिहासिक अन्याय र संरचनागत विभेद नस्वीकार्ने शक्तिहरू मधेशका हितैषी हुन नसक्ने टिप्पणी गर्नुभयो।

उहाँले विगतको सङ्घर्षलाई केवल इतिहास नभई भविष्यको आधार भएको उल्लेख गर्दै मधेशलाई उपेक्षा गरेर विकास र समृद्धिको सपना खोक्रो नारामा सीमित हुने बताउनुभयो।

"जसको एजेन्डामा मधेशको समस्या र उत्पीडन स्पष्ट छैन,

बाँकी पृष्ठ ४मा

# आचारसंहिता उल्लङ्घनमा ८ जनामाथि कारबाही



दैनिक समाचारदाता

काठमाडौँ १६ फागुन । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको अभियोगमा ८ जनामाथि कारबाही गरेको छ भने ९४ जनालाई स्पष्टीकरण सोधेको जनाएको छ।


आयोगका कानुन अधिकृत मोहनराज जोशीका अनुसार राजनीतिक दल तथा उम्मेदवारबाट ५७ वटा स्पष्टीकरणको जवाफ प्राप्त भएको छ। साथै छ जनालाई पुनः स्पष्टीकरण सोधिएको छ।

निर्वाचन आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी तथा गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारसँग पनि आयोगले स्पष्टीकरण मागेको छ।

दर्ता भएका सञ्चारमाध्यम र तिनमा आबद्ध पत्रकारका हकमा भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ।

देशभरबाट हालसम्म १ हजार ७६ वटा उजुरी प्राप्त भएकामा १ हजार ६१ वटा उजुरी किनारा लगाइएको छ। प्रदेशगत रूपमा सबैभन्दा बढी उजुरी लुम्बिनी प्रदेशबाट प्राप्त भएका छन्।

अब अनलाइनबाट बुकिङ्गको सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि


www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




















दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020


## धनुषा-४ मा राष्ट्रिय मुक्ति पार्टीका उम्मेदवार कांग्रेस प्रवेश

दैनिक समाचारदाता

जनकपुरधाम, १६ फागुन । धनुषा निर्वाचन क्षेत्र नम्बर-४ मा राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टीका उम्मेदवार महावीर यादव नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। शनिबार आयोजित एक समारोहबीच उनलाई कांग्रेसका उम्मेदवार महेन्द्र यादवले पार्टीमा स्वागत गरेका हुन्।

पार्टी प्रवेशपछि महावीर यादवले आगामी निर्वाचनमा आफ्नो समर्थन कांग्रेस उम्मेदवार महेन्द्र यादवलाई रहने घोषणा गरे। उनले कांग्रेसको नीति, विचार तथा लोकतान्त्रिक मूल्यमान्यताप्रति आफ्नो विश्वास रहेको बताए।

सोही अवसरमा राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय सदस्य विजय कुमार यादवसहितका कार्यकर्ताहरू पनि कांग्रेसमा प्रवेश गरेका छन्।



## सम्पादकीय

# निष्पक्ष निर्वाचनको कठोर परीक्षा

लोकतन्त्रको सबलता केवल मतपत्रमा सीमित हुँदैन; त्यसको वास्तविक आधार निर्वाचन प्रक्रिया कति स्वच्छ, निष्पक्ष र पारदर्शी छ भन्नेमा निहित हुन्छ । यही सन्दर्भमा निर्वाचन आयोगले देशभरका १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा एक हजारभन्दा बढी व्यक्तिमाथि निर्वाचन आचारसंहिता उल्लंघनको कारबाही गरिएको तथ्य सार्वजनिक गर्नु गम्भीर र अर्थपूर्ण संकेत हो ।

निर्वाचन आयोगले सजायमुखी निर्णयसमेत गरिसकेको छ। निर्वाचनपूर्व परेका उजुरीहरू निश्चित समयसीमाभित्र टुंग्याउने लक्ष्य राखिनु सकारात्मक प्रतिबद्धता हो । तर यसले केही आधारभूत प्रश्नहरू पनि उठाउँछ–किन यति धेरै उल्लंघन भए ? आचारसंहिताको पालना राजनीतिक दल, उम्मेदवार र कार्यकर्ताका लागि किन अझै पनि वैकल्पिक जस्तो व्यवहार बन्दैछ ?

निर्वाचन आचारसंहिता केवल कागजी नियम होइन; यो लोकतान्त्रिक प्रतिस्पर्धालाई समान, सभ्य र मर्यादित बनाउने न्यूनतम सहमति हो । यसले राज्यस्रोतको दुरुपयोग रोक्ने, मतदातालाई प्रभाव पार्ने अवाञ्छित गतिविधि नियन्त्रण गर्ने, घृणात्मक भाषण तथा भड्काउ प्रचारलाई रोक्ने उद्देश्य राख्छ। जब एक हजारभन्दा बढी उल्लंघन हुन्छन्, त्यसले चुनावी संस्कार अझै परिपक्व हुन नसकेको संकेत दिन्छ।

यद्यपि उल्लंघनको संख्या धेरै हुनु मात्र नकारात्मक सन्देश होइन; त्यसको कारबाही हुनु महत्वपूर्ण पक्ष हो । आयोग निष्क्रिय बसेको भए अवस्था अझ गम्भीर हुन्थ्यो । कारबाही भएको तथ्यले नियामक निकाय सचेत रहेको सन्देश दिन्छ। तर कारबाही कति प्रभावकारी छ? के ती निर्णयहरू समयमै कार्यान्वयन हुन्छन? के ठूला राजनीतिक शक्ति र साना उम्मेदवारबीच समान मापदण्ड लागू हुन्छ? यी प्रश्नको उत्तरमै आयोगको विश्वसनीयता निहित छ ।

नेपालको निर्वाचन इतिहासमा आचारसंहिता उल्लंघन प्रायः चुनावी प्रतिस्पर्धाको "सामान्य अभ्यास" जस्तै ठानिने प्रवृत्ति देखिन्छ। शक्ति प्रदर्शन, खर्चको होडबाजी, मतदाता प्रभावित गर्ने प्रयास–यी सबैले लोकतन्त्रको आत्मालाई कमजोर पार्छन्। आचारसंहिता उल्लंघनलाई सानो राजनीतिक रणनीति ठान्ने मानसिकता परिवर्तन नभएसम्म कानुनी कारबाही मात्र पर्याप्त हुँदैन ।

निर्वाचन केवल दल र उम्मेदवारको प्रतिस्पर्धा होइन; यो नागरिकको विश्वासको परीक्षा हो। यदि मतदाताले प्रक्रिया निष्पक्ष छैन भन्ने अनुभूति गरे भने परिणाम जति वैधानिक भए पनि नैतिक आधार कमजोर हुन्छ। त्यसैले आयोगको कठोरता स्वागतयोग्य छ, तर त्यो निरन्तर र निष्पक्ष हुनुपर्छ ।

उजुरीहरू २० गतेभित्र टुंग्याउने लक्ष्य राखिनु समय व्यवस्थापनको दृष्टिले सकारात्मक हो। तर हतारमा निर्णय गर्नेभन्दा प्रमाण, प्रक्रिया र पारदर्शितालाई प्राथमिकता दिनुपर्छ। प्रत्येक कारबाही सार्वजनिक विवरणसहित प्रस्तुत गरिनु आवश्यक छ, ताकि नागरिकले देख्न सकून्–कानुन सबैका लागि समान रूपमा लागू भइरहेको छ।

यस सन्दर्भमा राजनीतिक दलहरूको जिम्मेवारी अझ ठूलो छ। लोकतन्त्रको अभ्यासमा आचारसंहिता बाधक होइन, मार्गनिर्देशक हो भन्ने बुझाइ स्थापित हुनुपर्छ। दलहरूले आफ्ना कार्यकर्तालाई प्रशिक्षण दिनु, खर्च पारदर्शी बनाउनु र घृणात्मक तथा भ्रामक प्रचारबाट टाढा राख्नु अत्यावश्यक छ।

# ओलीको दोस्रो संस्करण संघारमा



लेनिन बन्जाडे

राजनीति तथ्यले होइन, कथ्यले चल्छ । र, जसले कथा बुन्न जानेको छ, हाम्रो जस्तो हरितन्नम मुलुकमा त्यही मान्छे नायक बन्छ ।

नेपाली राजनीतिको रङ्गमञ्चमा यो सूत्रका सबैभन्दा ठूला र सिपालु कथावाचक हुन्– केपी शर्मा ओली । र, यो विराट कथाका मुख्य पात्र, निर्देशक र नायक उनी आफैं हुन् ।

फेसबुकका भित्तादेखि चियापसलका गफसम्म उनका चुच्चे नक्सा र अदम्य स्वाभिमानका कथा चल्छन् । १० वर्षयता यस्ता कथाले उनलाई ४ पटक सिंहदरबारको ढोका छिरायो । एमालेका होलटाइमरहरू उनको 'राष्ट्रवाद'लाई गीता झैं सिरानीमा राखेर सुत्छन् र बिहान उठेर त्यसकै जप गर्छन् ।

तर, त्यो राष्ट्रवाद ओलीको वैचारिक गन्तव्य र निष्ठा कहिल्यै थिएन । २०७२ को सङ्कटले जुराइदिएको एउटा राजनीतिक संयोग मात्रै थियो । त्यही संयोगको ब्रान्डिङ गरेर भोट बटुल्न अहिले एमालेको सम्पूर्ण संयन्त्र असिनपसिन हुँदै डिजिटल युद्धमैदानमा भिडिरहेको छ । ओली सत्ताच्यूत भएपछि बेरोजगार भएका विष्णु रिमालहरू ओलीगाथाका चुनावी भिडियो सेयर गर्दै बुढ्यौली कटाइरहेका छन् । रिमाल एन्ड कम्पनीले ओलीलाई राजनेताको रूपमा जन्माउँदै थिए, तर उनी बालकोटको बार्दली र गुन्डुको पर्खालतिर खुम्चिएर लाजनेता भई बसे ।

२०७२ अघिका ओली एमालेका एक चतुर खेलाडी मात्र थिए । उनीसँग संगठनमा पकड थियो, जिब्रोमा उखान र विपक्षीलाई साइजमा राख्ने रणनीति थियो । तर, उनीसँग 'इतिहास' थिएन । मदन भण्डारीसँग 'बहुदलीय जनवाद'को वैचारिक उचाइ थियो, प्रचण्डसँग बन्दुकको राप थियो, शेरबहादुर देउवासँग संस्थागत विरासत थियो । ओलीसँग केवल पार्टीको आन्तरिक जोडघटाउ र गुटको राजनीति थियो । उनी इतिहासले आफैं बोकेका पात्र थिएनन् । बरू इतिहासको कुनै मोडमा आफ्नो भूमिका खोजिरहेका एक महत्त्वाकांक्षी अभिनेता थिए ।

२०७२ को भूकम्पले थिलोथिलो भएको देशमा जब भारतले नाकाबन्दी लगायो, नेपाली मनोविज्ञानमा एउटा ठूलो नेतृत्वदायी रिक्तता जन्मियो । कांग्रेस दिल्लीसँग सम्झौताको भाषा खोज्दै थियो, माओवादी आफ्नै अस्तित्वको अलमलमा थियो । ठीक त्यही 'भ्याकुम'मा ओलीले खुट्टा छिराए । 'दबाबमा संविधान संशोधन हुँदैन' भन्ने अभिव्यक्तिले उनलाई औसत नेताबाट नायक बनायो । उनले जनताको नसामा बगिरहेको आक्रोशलाई 'हाइज्याक' गरे । जसरी सुशासन खोज्दै हिँडेका जेनजीको आन्दोलनलाई ३६ वर्षका सुदन गुरुङले सडकबाटै 'हाइज्याक' गरे । ओलीले नाकाबन्दीको भेललाई आफ्नो सत्ताको डुंगा खियाउने माध्यम बनाए ।

ओलीको राजनीतिमा राष्ट्रवाद कुनै स्थायी सिद्धान्त वा जीवनदर्शन होइन । यो एउटा मौसमी ढाल मात्र हो । उनले एउटा छिमेकी (भारत)को निर्भरताबाट तर्किन अर्को छिमेकी (चीन)को कार्ड खेले । उनी राष्ट्रवादी नायक हुन्थे भने आत्मनिर्भरता र सन्तुलित कूटनीतिको बाटो हिँड्थे । तर, उनी इतिहासका पानामा नायक होइन, खलनायकको रूपमा उदाए ।

ओली राष्ट्रवादको एउटा निश्चित ढाँचा छ । जब सरकार संकटमा पर्छ, जब पार्टीभित्र विद्रोह हुन्छ, जब चुनाव आउँछ– एकाएक ओलीको राष्ट्रवाद भेल आएको बागमती झैं उर्लिन्छ ।

जुन राष्ट्रवाद कुनै अमुक शत्रु देखाएर मात्र जीवित रहिरहन्छ– त्यो विचार होइन, व्यापार हो । र, ओली यो दुःखी मुलुकका सुखी व्यापारी हुन् । ती व्यापारीले राष्ट्र र लोकतन्त्रका संस्था ढाल्न सम्पूर्ण शक्ति खर्चिए । आफ्नो अहंकारको तुष्टिका लागि दुई-दुई पटक संसद् विघटन गरे । विधिको शासन लत्याउँदै धमाधम अध्यादेशको खेतीपातीमा असारे रोपाइँ गरे । आलोचकमाथि मोदीभन्दा बढी असहिष्णु भए । 'अरिंगाल' परिचालनदेखि 'साइबर सेना' सम्मको भद्दा प्रयोग उनकै पालामा भयो । संस्थागत र नीतिगत भ्रष्टाचारमा उनले पञ्चायतदेखि गणतन्त्रसम्मका सबै रेकर्ड उछिने । ओली अध्यक्ष हुँदा एमालेले १० वर्षमा २३० दिनभन्दा बढी संसद् अवरुद्ध गर्‍यो । संसदमाथि सबैभन्दा बढी आक्रमण गर्ने तिनै ओली र उनका प्रजाहरू अहिले फेरि संसदीय चुनावमा भिडिरहेका छन् ।

केपी ओली नाकाबन्दीका उत्पादन हुन् भन्नु उनको अपमान होइन, कठोर ऐतिहासिक यथार्थ हो । उनी बजारमा उपलब्ध त्यस्तो चम्किलो उत्पादन हुन्, जसको बाहिरी आवरण त राम्रो छ तर 'एक्सपायरी डेट' (म्याद) गुज्रिसकेको छ । उनी देशका लागि 'राइट म्यान' कहिल्यै थिएनन् । उनी त 'राइट टाइम' मा 'राइट ठाउँ'मा उभिएका चतुर अवसरवादी पात्र मात्र हुन् । उनको उदय नेपाली राजनीतिको एउटा यस्तो विरोधाभास हो, जहाँ उनले भावनाको बजारमा थिति र विधिको तेजोबध गरे । उनले जनतालाई पानीजहाज र ग्यासलाइनको सपना त बाँडे तर ती सपना केवल सत्ता चढ्ने मजबुत भर्‍याङ मात्र बने । अलि अस्ति फेरि दाहिने हातको चोर औंलो ठड्याउँदै पाइपबाट घरघरमा ग्यास पुर्‍याउँछु भनेर भोट मागे । मलाई लाग्यो– उनले गलत औंलो ठड्याए ।

२०७२ मा नाकाबन्दी हुन्थेन भने ओली आज एमालेको एउटा कुनामा उखानटुक्का सुनाइरहेका र कार्यकता हँसाइरहेका एक औसत नेता मात्र हुन्थे । नाकाबन्दीले उनलाई राजनीतिक मोक्ष दिलायो । जुन राष्ट्रवादको भर्‍याङ चढेर उनी सिंहासनमा पुगे, त्यही राष्ट्रवाद आज उनको अधिनायकवादी छाया र असफलताहरू लुकाउने सस्तो र रंगहीन पर्दा बनेको छ ।

इतिहासले ओलीलाई एउटा यस्तो कथाकारका रूपमा सम्झिनेछ, जसले कथा त असाध्यै राम्रो भन्यो तर देशलाई एउटा गतिलो चरित्र दिन सकेन । उनले सीमाको ढुंगामा राष्ट्रवादको चर्को नारा त कोरे, तर नागरिकका खुम्चिएका निधारमा आशाको एउटा रेखा पनि कोरिदिन सकेनन् ।

ओली आजको युगका रोलमोडल होइन, सबैभन्दा हिट 'मिम आइकन' हुन् । उनी सुरिलो बाँसुरी बजाइदिन्छन् । तबला र ढोलकका ओस्ताज हुन् । क्यारमबोर्ड खेल्छन्, कविता लेख्छन् । उफ्रीउफ्री ब्याडमिन्टन खेल्दिन्छन् । चित्र कोरेर दर्शकलाई टिलपिल टिलपिल पारिदिन्छन् । आयुर्वेद र मेडिसिनमा उनको ज्ञान असीमित छ । कविता र गीत लेखेर सारा देशलाई भक्कानो छुटाइदिन्छन् । उनी यस्ता 'हमजाएगा' हुन्, जोबिना हाम्रो उदास अनुहारबाट उहिल्यै हाँसो हराइसक्थ्यो । देश मात्रै चलाउन जानिदिएको भए उनी हमजाएगा झैं अमर हुन्थे ।

राणा र शाहको तानाशाह ढलेपछि ओली जन्मिएका थिए । र, ओली ढलेपछि अर्को तानाशाहको जन्म हुँदै छ । जसको मनमा करुणा र समभाव हुँदैन, त्यो मान्छे हिटलर, इदी अमिन र ओली जस्तै बन्छ ।

कलिला केटाकेटी मार्दा 'सरी' पनि भन्न नसक्ने ओली एकसिंगे गैंडा जत्तिकै चाम्रा भइसके ।

हामीलाई यस्तै अर्को ओली चाहिएको छैन ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# अमेरिका-इजरेलको हमला इरानको प्रतिआक्रमण

काठमाडौं, १६ फागुन । अमेरिका र इजरेलले इरानविरुद्ध हमला गरेका छन्। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले यसलाई "महत्त्वपूर्ण सैन्य कारबाही" भन्दै इरानी सरकारी फौजलाई आफ्ना हतियार विसाउन भनेका छन्।

इरानले हमला गर्न सक्ने भन्दै इजरेलविरुद्धको खतरा हटाउन आफूले पहिला हमला गरेको इजरेली रक्षा मन्त्रालयले जनाएको छ। यसअघि इजरेलका रक्षामन्त्री इजरेल क्याट्जले इरानबाट हुनसक्ने भन्दै "पूर्वप्रतिरक्षात्मक आक्रमण" गरिएको बिहानै एक विज्ञप्ति मार्फत् उल्लेख गरेका थिए।

इरानले पनि इजरेलमाथि आक्रमण सुरु गरेको इजरेल डिफेन्स फोर्सेज आईडीएफले जनाएको छ। रक्षामन्त्री क्याट्जले देशमा "विशेष तथा स्थायी सङ्कटकाल"को घोषणा गरिएको जनाएका छन्। इजरेलभरि हवाई हमलाबारे सावधानी अपनाउन साइरन बजाइएको छ।



इरान वरपरका क्षेत्रमा तनाव चुलिँदै गर्दा अनि आसपासका इलाकामा अमेरिकी फौज एकत्रित भइरहेको बेला पछिल्लो आक्रमण भएको छ।

तेहरानले उसको परमाणु कार्यक्रम अन्त्य गर्न राजी नभए त्यहाँ आक्रमण गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पले धम्की दिँदै आएका थिए।

*कसरी सुरु भयो?*

इरानका सरकारी सञ्चारमाध्यमहरूले स्थानीय समय अनुसार बिहान ९ बजेर ३० मिनेट जाँदा राजधानी तेहरानमा कैयन् ठूल्ठूला विस्फोट भएका विवरण दिएका छन्।

बीबीसीले हेरेका तस्बिरहरूमा त्यहाँ धुवाँ निस्किरहेको देख्न सकिन्छ।

हालसम्म मानवीय र भौतिक क्षतिको यकिन विवरण थाहा हुन सकेको छैन।

तस्निम समाचार संस्थाका अनुसार इरानको हवाई क्षेत्र आक्रमण लगत्तैबाट बन्द भएको छ।

ट्रम्पले आक्रमणलाई "व्यापक र निरन्तर " भनेका छन्।

इरानले कसरी प्रतिक्रिया दियो इजरेलको सेना इजरेल डिफेन्स फोर्सेज (आईडीएफ)ले इजरेलतर्फ इरानबाट क्षेप्यास्त्र प्रहारको पहिचान भएको र तिनलाई बीचैमा रोकिएको बताएको छ।

इजरेलका हाइफा र अन्य केही स्थानमा विस्फोटका आवाज सुनिएका छन्। ती आवाज क्षेप्यास्त्र प्रतिरोधका कारण वा अन्य कुनै कारण आएका हुन् भन्ने प्रष्ट छैन।

बहरेनमा रहेको अमेरिकी जलसेनाका साधनमा पनि आक्रमण भएको त्यहाँको समाचार संस्थाले जनाएको छ।

इजरेलमा सार्वजनिक स्थानहरूमा भेला नहुन र विद्यालयरू बन्द गर्न भनिएको छ।

इजरेली सञ्चार माध्यमका अनुसार देशमा गैर सैनिक उडानहरू बन्द गरिएका छन्।

८ महिना नबित्दै दोस्रो आक्रमण आठ महिना अघि दुई देशबीच १२ दिनसम्म युद्ध चलेको थियो। गत वर्षको जुनमा इजरेलले अकस्मात् हमला गर्दै इरानको सैन्य तथा परमाणुस्थलहरूमा बमबारी गरेको थियो भने वरिष्ठ सैन्य अधिकारी तथा परमाणु वैज्ञानिकहरूलाई मारिदिएको थियो।

प्रतिक्रियास्वरूप इरानले इजरेलतर्फ सयौँ क्षेप्यास्त्र तथा ड्रोनले आक्रमण गरेको थियो। त्यतिबेला अमेरिकाले पनि एक दिन इरानमा हमला गरेको थियो। भूमिगत परमाणु केन्द्रहरूमा उसले बमबारी गरेको थियो र लगत्तै युद्धविरामका निम्ति दबाव दिएको थियो।

इजरेल र इरानबीच दशकौँदेखि वैमनस्यता रहँदै आएको छ। मध्यपूर्वभरी इजरेलविरुद्ध सक्रिय कतिपय सशस्त्र समूहहरूलाई इरानले समर्थन गर्दै आएको छ। यसअघि अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानको परमाणु कार्यक्रमबारे पछिल्ला वार्ताप्रति आफू खुसी नभएको बताएका थिए।

यसअघि इरानमाथि आक्रमणको चेतावनी दिएका ट्रम्पले आक्रमण गर्ने वा नगर्ने बारे आफूले अझै निर्णय भने नलिएको प्रतिक्रिया दिएका थिए।

"उनीहरूले हामीलाई चाहिएको कुरा दिन नखोजेबाट म खुसी छैन। त्यसकारण म उत्साहित छैन," बिहीवार जिनिभामा भएको वार्ता कुनै सम्झौतामा नपुगि टुङ्गिएपछि पहिलो पटक प्रतिक्रिया दिँदै ट्रम्पले भनेका थिए।

अमेरिकी राष्ट्रपतिले इरानविरुद्ध सैन्य बल प्रयोग गर्ने आफ्नो चाहना नरहेको बताए। तर कहिलेकाहीँ त्यसो "गर्नुपर्ने हुन्छ" उनले थपे।

***भ्रमणमा नजान पश्चिमा देशहरूको सुझाव***

इरानमाथि अमेरिकी आक्रमण हुन सक्ने सम्भावनाको चिन्ताबीच शुक्रवार मात्रै धेरै देशहरूले त्यस क्षेत्रमा रहेका आफ्ना नागरिकहरूलाई सजग रहन भनेका थिए।

यूकेले तेहरानस्थित आफ्नो दूतावासबाट कर्मचारीहरूलाई केही समयमा लागि शुक्रवारै फिर्ता बोलाएको थियो।

यूकेले इजरेलका लागि नयाँ ट्राभल एड्भाइजरी जारी गर्दै "अति आवश्यक बाहेक यात्रा नगर्न" भनेको छ।

चीन, भारत र क्यानडा लगायतका देशहरूले भिडन्तको सम्भावनालाई मध्यनजर गर्दै आफ्ना नागरिकहरूलाई सकेसम्म चाँडो इरान छोड्न आग्रह गरेका छन्।

जर्मनीले इजरेल भ्रमण नगर्न "अति जरुरी" सूचना जारी गरेको छ। फ्रान्सले पनि इजरेल नजान आफ्नो सुझाव दोहोऱ्याएको छ।

संयुक्त राज्य अमेरिकाले इरानमा रहेका आफ्ना नागरिकहरूलाई "तत्काल" बाहिर जान भनेको छ। र इजरेलमा पनि अमेरिकी दूतावासले आकस्मिक बाहेकका कर्मचारी र उनीहरूका परिवारलाई उडानहरू उपलब्ध भएसम्म देश बाहिर जान भनेको छ।

सन् २००३ मा अमेरिकाको नेतृत्वमा इराकमाथि भएको आक्रमणयता मध्यपूर्वमा सबैभन्दा ठूलो सामर्थ्यमा अमेरिकी सैनिक इरान वरपर जम्मा भएका छन्।

इरानले कुनै पनि आक्रमणको कडा जवाफ दिने चेतावनी दिएका कारण इजरेलले इरानमाथि आक्रमण गरेसँगै मध्यपूर्व क्षेत्रभरि त्रास फैलने आशङ्काहरू गरिएका छन्।

*बीबीसीबाट*

# इरानमा इन्टरनेट लगभग ठप्प



एजेन्सी

तेहरान १६ फागुन । इरानभर इन्टरनेट लगभग ठप्प भएको अनलाइन स्वतन्त्रता निगरानी संस्था नेटब्लक्सले जनाएको छ । संस्थाका अनुसार देशको राष्ट्रिय कनेक्टिभिटी सामान्य अवस्थाको करिब ४ प्रतिशतमा झरेको छ ।

नेटकब्लक्सले आफ्नो टेलिग्राम पोस्टमा लेखेको छ, 'नेटवर्क तथ्याङ्कले देखाउँछ कि इरान अहिले करिब पूर्ण इन्टरनेट ब्ल्याकआउटको अवस्थामा छ ।' संस्थाले यो अवस्था अमेरिका र इजरायलको सैन्य कारबाही चलिरहेका बेला आएको र गत वर्ष इजरायलसँगको युद्धका समयमा अपनाइएका उपायसँग मिल्दोजुल्दो रहेको उल्लेख गरेको छ । यसअघि जनवरी महिनाको सरकारले सरकार विरोधी विरोध प्रदर्शन दबाउन अनलाइन सञ्चारमा कडाइ गरेपछि अधिकांश समय पनि इरानीहरूले इन्टरनेट प्रयोग गर्न सकेका थिएनन् ।

यसैबिच, एक इजरायली स्रोतले आगामी केही दिन आवश्यक परे इरानमाथि अझ बढी आक्रमण जारी रहने तयारी भइरहेको जनाएको छ । अमेरिकी स्रोतहरूका अनुसार अमेरिकी सेना पनि थप दिनसम्म आक्रमणका लागि तयारी अवस्थामा छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले यसअघि नै आक्रमण विशाल र जारी रहेको बताएका थिए ।

# इरानमाथिको आक्रमण तुरुन्त रोकियोस् : रूस

एजेन्सी

काठमाडौं १६ फागुन । रूसले अमेरिका र इजरायलसँग इरानमाथि जारी आक्रमण तत्काल रोक्न आग्रह गरेको छ । रूसको विदेश मन्त्रालयले वक्तव्य जारी गरेर दुवै देशसँग इरानमाथिको आक्रमण तत्काल रोक्न आग्रह गरेको हो ।उसले स्थिति राजनीतिक तथा कूटनीतिक समाधानको मार्गमा फर्किन आवश्यक भएको पनि बताएको छ । वक्तव्यमा अन्तर्राष्ट्रिय समुदायले थप अस्थिरता निम्त्याउने जिम्मेवारीहीन कार्यहरूको वस्तुनिष्ठ मूल्याङ्कन छिटो प्रस्तुत गर्नुपर्ने उल्लेख गरिएको अलजजिराले जनाएको छ । रूसले यसअघि जस्तै अन्तर्राष्ट्रिय कानून, आपसी सम्मान र स्वार्थको सन्तुलनमा आधारित शान्तिपूर्ण समाधान खोज्ने प्रयासमा सहयोग गर्न तयार रहेको पनि जनाएको छ ।

# दोहा एयरपोर्ट बन्द भएपछि काठमाडौंबाट हुने उडान रोकिया



एजेन्सी

काठमाडौं १६ फागुन । कतारमा हुने हवाई उडान बन्द भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार कतारले दोहा एयरपोर्ट तत्कालका लागि बन्द गर्ने निर्णय गरेकोले आजका लागि हुने उडान रोकिएको जानकारी दिए ।'त्यहाँ विमानस्थल बन्द भएपछि यहाँबाट हुने उडान पनि स्वतः रोकिएको छ । युएई कुवेत लगायतका देशको बारेमा अहिलेसम्म खबर आएको छैन' भुल भन्छन्, 'हाम्रो तर्फबाट निर्णय हुने विषय नभएकोले हामीले खबर पर्खिरहेका छौं । दोहा चाहिँ बन्द नै भयो ।'

# इरानको विद्यालयमा भएको आक्रमणमा मारिनेको संख्या २४ पुग्यो

काठमाडौं १६ फागुन । इरानको होर्मोजगान प्रान्तको विद्यालयमाथि गरिएको इजरायली आक्रमणमा परी मारिने विद्यार्थीको संख्या २४ पुगेको छ ।

दक्षिणी इरानको होर्मोजगान प्रान्तस्थित मिनाब सहरमा रहेको एक बालिका प्राथमिक विद्यालयमा भएको इजरायली आक्रमण परी मर्नेको संख्या २४ पुगेको हो ।

प्रारम्भमा अलजजिराले आक्रमणमा पाँच जनाको मृत्यु भएको समाचार प्रकाशित गरेको थियो । अहिले सो संख्या २४ पुगेको अलजजिराले बताएको छ ।इरानको राजधानी तेहरान



तथा देशका विभिन्न सहरहरूमा धेरै विस्फोटका आवाजहरू सुनिरहेका छन् । तेहरानस्थित इरानका सर्वोच्च नेता आयातुल्लाह अल खामनेईको कार्यालय र राष्ट्रपतिको कार्यालयलाई पनि निशाना बनाइएको बताइएको छ ।

## देशको.......

उसले मधेशको नेतृत्व कसरी गर्छ?" उहाँले प्रश्न गर्नुभयो। केही शक्तिहरू केवल मधेशको मतमा केन्द्रित रहेको आरोप लगाउँदै उहाँले मधेशले भोग्दै आएको गरिबी, अशिक्षा, बेरोजगारी र राज्यीय विभेदप्रति उनीहरू असंवेदनशील रहेको दाबी गर्नुभयो।अध्यक्ष यादवले यो निर्वाचन केवल प्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र नभई मधेशको सम्मान, अधिकार र भविष्य जोगाउने निर्णायक अवसर भएको बताउँदै मतदातालाई सचेत, एकताबद्ध र दृढ भएर मतदान गर्न आग्रह गर्नुभयो। साथै यस निर्वाचनपछि जसपा नेपाल निर्णायक राजनीतिक शक्तिका रूपमा उदाउने उहाँको दाबी छ।

# लोकतन्त्र सुदृढीकरणमा साहित्यको भूमिका : सभामुख यादव

दैनिक समाचारदाता

जनकपुरधाम, १६ फागुन । मधेश प्रदेशका सभामुख रामअशिष यादवले लोकतन्त्रलाई बलियो र प्रभावकारी बनाउन साहित्यको गहिरो समझ आवश्यक रहेको बताएका छन् ।




मैथिली साहित्य समाजद्वारा हरेक महिना आयोजना हुने कवि गोष्ठीको १२औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले साहित्य समाज र राष्ट्रको दर्पण भएको उल्लेख गरे । साहित्यलाई अग्रसर बनाइए समाजमा चेतनाको विकास मात्र नभई आर्थिक समृद्धिको मार्गसमेत प्रशस्त हुने उनको भनाइ थियो ।

सभामुख यादवले समाज र राष्ट्रको नेतृत्वका लागि राजनीति अपरिहार्य रहेको उल्लेख गर्दै युवाहरूलाई राजनीतिप्रति चासो राख्न र सक्रिय सहभागिता जनाउन आग्रह गरे । वर्तमान राजनीतिक अवस्थालाई सही ढंगले पहिचान गर्नुपर्नेमा जोड दिँदै उनले संघीय व्यवस्थाले नै मातृभाषाको संरक्षण र प्रवर्द्धन सुनिश्चित गर्ने धारणा व्यक्त गरे ।

कार्यक्रमका अतिथि विजय झाले मधेश प्रदेशको समृद्धिका लागि कृषिक्षेत्रको विकास अनिवार्य रहेको बताए। उनले प्रदेशलाई कृषि प्रदेशका रूपमा विकास गर्न राज्यले पर्याप्त बजेट विनियोजन गर्नुपर्नेमा जोड दिए ।

शितल झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा दर्जनौं कविहरूले राजनीतिक, सामाजिक तथा सांस्कृतिक विषयवस्तु समेटिएका कविता वाचन गरेका थिए ।

विशेषगरी अधिकांश कविहरूले राजनीतिक व्यङ्ग्यप्रधान कविता प्रस्तुत गरी समसामयिक परिस्थितिप्रति आलोचनात्मक दृष्टिकोण व्यक्त गरेका थिए।

कार्यक्रममा वरिष्ठ साहित्यकार काशीकान्त झा, दिगम्बर झा, वैद्यनाथ पासमान, मनोज झा 'मुक्ति', विजय यादव, शिवानी मिश्र, वैदेही ठाकुर, मोती झा, विन्दु ठाकुर, विन्दु कुमारी ठाकुर, अमरकान्त ठाकुर तथा किरण झा लगायतले कविता वाचन गरेका थिए।

# फागुन २१ को चुनाव जनमत सङ्ग्रहजस्तै हो: प्रचण्ड



दैनिक समाचारदाता

काठमाडौं १६ फागुन । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल प्रचण्डले फागुन २१ को निर्वाचन नेपाली जनताको आत्मनिर्णयको अधिकार रक्षा गर्ने ठुलो जनमत सङ्ग्रहजस्तो भएको बताएका छन् । शनिबार कपिलवस्तु कृष्णनगरमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै प्रचण्डले सबै मिलेर मुलुकको रक्षा गर्ने समय आएको भन्दै आगामी निर्वाचन जनताको आत्मनिर्णयको अधिकार रक्षा गर्ने ठुलो जनमत सङ्ग्रहजस्तो भएको बताएका हुन् ।

उनले निर्वाचनमा राष्ट्रको एकतालाई प्रवर्द्धन गर्न चाहने शक्ति र राष्ट्रलाई सङ्कटमा धकेल्ने प्रवृत्ति समेत अहिले चुनावी प्रतिस्पर्धामा रहेको धारणा राखे ।

राष्ट्र बचाउने र राष्ट्रिय एकताको पक्षमा दृढतापूर्वक उभिने शक्तिलाई मतदान गर्ने या अरूलाई भन्ने एउटा अहम् प्रश्न मतदाताको अगाडि रहेको उनले बताए । प्रचण्डले मुलुकमा निर्वाचन हुने अवस्था सिर्जना हुनु नेकपाका लागि निकै गर्वको विषय भएको भन्दै पार्टीको पक्षमा राम्रै नजिता आउने दाबी गरे ।

**अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस**

www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि

सम्पर्क

इमेल : sdainik99@gmail.com

मो.नं.: ९८५४०२०९२२

# शान्तिपूर्ण निर्वाचनका लागि सबैको सहकार्य आवश्यक : प्रशासन

दैनिक समाचारदाता

जनकपुरधाम, १६ फागुन । प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय रूपमा सम्पन्न गर्न सबै सरोकारवालाको सक्रिय सहकार्य अपरिहार्य रहेको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण गैह्रेले बताएका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा जनकपुरधाममा आयोजित 'लोकतन्त्रको स्थायित्वका लागि निर्वाचन र सरोकारवालाको भूमिका' विषयक अन्तरक्रियामा बोल्दै उनले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न सबै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिए। गैह्रेले शान्ति-सुरक्षा व्यवस्था सुदृढ पारिने र मतदातालाई सुरक्षित वातावरण सुनिश्चित गरिने जानकारी दिए। पर्यवेक्षकहरूलाई निष्पक्ष रूपमा परिचयपत्रसहित जिम्मेवारी निर्वाह गर्न र कुनै दलको प्रचारमा संलग्न नहुन आग्रह गरे ।




धनुषाका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग तथा निर्वाचन प्रहरी परिचालन गरिएको बताए । फागुन २० गते होली पर्व परेकाले सभ्य रूपमा पर्व मनाउन, मदिरा सेवन नगर्न र अवाञ्छित गतिविधिमा नलाग्न सर्वसाधारणलाई आग्रह गर्दै शान्ति-सुरक्षामा खलल पुऱ्याउनेमाथि निगरानी बढाइएको जानकारी दिए।

इन्सेकका अध्यक्ष विजयराज गौतमले भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन आचारसंहिताको कडाइका साथ पालना गर्न आग्रह गरे। राष्ट्रिय मानवअधिकार आयोगका पूर्व आयुक्त सुशील प्याकुरेलले आचारसंहिताको प्रभावकारी कार्यान्वयन नै निष्पक्ष निर्वाचनको आधार भएको उल्लेख गरे।मधेस प्रदेश कार्यालयका प्रमुख बुद्धनारायण सहनीले स्वच्छ र मानवअधिकारमैत्री वातावरण सुनिश्चित गर्न आयोग सक्रिय अनुगमनमा रहने बताए। उनले मतदातालाई दबाब, प्रलोभन र दुष्प्रचार अस्वीकार गर्दै सचेत रूपमा मताधिकार प्रयोग गर्न आग्रह गरे।

# यूएईमा रहेका नेपालीलाई अनावश्यक यात्रा नगर्न दूतवासको आग्रह

काठमाडौं १६ फागुन । संयुक्त अरब इमिरेट्स (यूएई) स्थित नेपाली दूतावासले यूएईमा रहेका नेपाली नागरिकहरूलाई अनावश्यक यात्रा नगर्न आग्रह गरेको छ ।




मध्यपूर्व क्षेत्रमा विकसित भइरहेका परिस्थितिलाई ध्यानमा राख्दै दूतावासले नेपाली नागरिकहरूलाई अनावश्यक यात्रा नगर्न र उच्च सतर्कता अपनाउन आग्रह गरेको हो ।

दूतावासले एक विज्ञप्ति जारी गर्दै यूएई सरकार तथा नेपाली दूतावास/महावाणिज्य दूतावासले जारी गरेका सुरक्षा मार्गनिर्देशन र सूचनाहरूको पालना गर्न सबै नेपाली नागरिकलाई अनुरोध गरेको हो ।

विज्ञप्तिमा मध्यपूर्वको सिर्जित अवस्थालाई ध्यानमा राखी सम्भावित जोखिमबाट जोगिन सचेत रहन भनिएको छ ।

दूतावासले विशेषगरी अनावश्यक आवागमन कम गर्न, भीडभाडयुक्त स्थानहरूबाट टाढा रहन र आधिकारिक स्रोतबाट आउने सूचनामात्रै विश्वास गर्न आग्रह गरेको छ ।

दूतावासका अनुसार आपतकालीन सूचना, सल्लाह तथा सहयोगका लागि अबुधाबीस्थित नेपाली दूतावास र दुबईस्थित नेपाली महावाणिज्य दूतावाससँग सम्पर्क गर्न सकिने व्यवस्था गरिएको छ ।

दूतावासले आपतकालीन अवस्थामा सम्पर्क गर्नका लागि फोन नम्बर इमेल ठेगाना पनि सार्वजनिक गरिएको छ ।

अबुधाबीस्थित दूतावासको आपतकालीन सम्पर्क नम्बर +९७१ ५० ८१८०२८० रहेको छ भने इमेल ठेगाना eonabudhabi@mofa.gov.np सार्वजनिक गरिएको छ ।

त्यसैगरी, दुबईस्थित नेपाली महावाणिज्य दूतावासको फोन/ह्वाट्सएप नम्बर +९७१ ५० ३९४९३०४ रहेको छ ।

इमेलमार्फत सम्पर्क गर्न चाहनेले cgnudubai @mofa.gov.np वा nepalconsulate. dubai@gmail. com मा सम्पर्क गर्नसक्ने विज्ञप्तिमा उल्लेख छ ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४